**नमोबुद्ध नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय,**
**भकुण्डेवेशी, काभ्रेपलाञ्चोक**

## रोजगार संयोजक करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना
## (प्रथम पटक प्रकाशित मितिः २०७९।११।१)

यस नमोबुद्ध नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनका लागि रोजगार संयोजकको पदपूर्ति तथा सेवा सम्बन्धी मापदण्ड, २०७६ बमोजिम रोजगार संयोजक करार सेवामा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक उम्मेद्वारहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र कार्यालय समयमा मापदण्डको अनुसूची -१ बमोजिम रीतपूर्वक फाराम भरी दरखास्त पेश गर्न हुन रोजगार संयोजक पदपूर्ति समितिको मिति २०७९।१०।२९ गतेको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ।

माग गरिएको पदः

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०७/२०७९/०८० | रोजगार संयोजक | छैटौं | १ (एक) | |

१. न्यूनतम योग्यताः
   क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उतीर्ण गरेको,
   ख. दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,
   ग. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको,
   घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिहएको।

२. दरखास्तको साथ पेश गर्नु पर्ने कागजातहरुः शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, नेपाल सरकारद्वारा संचालित कार्यक्रम वा साविकका स्थानीय निकाय वा हालका स्थानीय तहहरुमा छैटौं तह सरहको पदमा काम गरेको भए सो कामको अनुभव पत्र,

३. दरखास्त दस्तुरः १०००।– (अक्षरेपी रु एक हजार मात्र) नगरपालिकाको राजश्व शाखामा आम्दानी रसिद काटी नगद काटी नगद जम्मा गरेको सक्कल रसिद पेश गर्ने।

शिव प्रसाद लम्साल
प्रमुख प्रशासकीय अधिकृत

४. परीक्षाको किसिमः रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा मापदण्ड, २०७६ को दफा ८ र ९ मा तोकिए बमोजिम (प्रारम्भिक सूची, सेवा तथा कम्प्युटर सम्बन्धी लिखित परीक्षा) हुनेछ।

५. काम गर्नु पर्ने स्थानः नमोबुद्ध नगरपालिकाको कार्यपालिकाको कार्यालय।

६. तलब भत्ता तथा सेवा सुविधाः नियमानुसार।

७. अन्य सेवा सुविधा तथा कार्यविवरणः रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा मापदण्ड, २०७६ बमोजिम।

८. परीक्षाको मिति, समय र स्थानः दरखास्त पेश गर्ने अन्तिम मितिबाट १० दिन भित्र प्रारम्भिक सूची प्रकाशन गरिनेछ। अन्य परीक्षाको मिति, समय र स्थान सोही दिन तोकिनेछ।

९. दरखास्त पेश गर्ने स्थानः नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको कार्यालय, भकुण्डेवेशी, काभ्रे।

द्रष्टव्यः दरखास्त फाराम, पाठ्यक्रम तथा रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा मापदण्ड, २०७६ नमोबुद्ध नगरपालिकाको website: www.namobuddhamun.gov.np
संपर्क नं ९८६७८०८६१३, ९८४१०३३४८७

शिव प्रसाद लम्साल
प्रमुख प्रशासकीय अधिकृत